नगर सभाबाट स्वीकृत मितिः २०७९।०३।१०

# नलगाड नगरपालिकाको आर्थिक ऐन
## २०७९

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जांजरकोट
कर्णाली प्रदेश, नेपाल

# नलगाड नगरपालिकाको आर्थिक ऐन, २०७९

सम्वत २०७९ सालको ऐन नं १

**प्रस्तावनाः** नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नलगाड नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नलगाड नगरपालिकाको आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गते देखि नलगाड नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति करः** (१) नलगाड नगरपालिका क्षेत्रभित्र अनुसूचि-१ बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाईनेछ ।

(३) उपदफा (१) को प्रयोजनको लागि घर र घरजग्गाको मूल्याङ्कन देहायका आधारमा गर्नुपर्नेछ ।

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तिको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था,

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैन ।

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र घरजग्गा,

(ग) गुठीको स्वामित्त्वमा रहेको घर र जग्गा,

(घ) मुनाफाको उदेश्य नराखि सञ्चालन भएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, वोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

(ङ) मुनाफाको उदेश्य नराखि सञ्चालन भएका संघ संस्थाको, कम्पनी घर र घरजग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्वा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा,

३. **भूमि कर (मालपोत)**: नलगाड नगरपालिकाले नगरपालिका क्षेत्रभित्र अनुसूचि–२ बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

(२) एकिकृत सम्पती कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाईने छैन ।

४. **घर जग्गा बहाल कर**: नलगाड नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा अथवा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिइएकोमा अनुसूचि–३ बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

५. **व्यवसाय कर**: नलगाड नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि–४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर**: नलगाड नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे बापत अनुसूचि–५ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ । तर प्रचलित कानूनले निषेध गरिएको हकमा भने उल्लेखित व्यवस्था लागु हुने छैन ।

७. **सवारी साधन कर**: नगरपालिकाले रिक्सा, अटो रिक्सा र ई– रिक्साको अनुसूची - ६ बमोजिम सवारी साधन कर लगाई असुल उपर गरिनेछ ।

८. **विज्ञापन कर**: नलगाड नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची - ७ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

९. **मनोरञ्जन कर**: नलगाड नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा कर्णाली प्रदेश सरकारको आर्थिक ऐनमा तोकेको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क**: नलगाड नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत अनुसूची - ८ मा उल्लेखित बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुर**: नलगाड नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची – ९ मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ । तर तोकिएको समयमा स्थानीय पूर्वाधारको काम

सम्पन्न नगर्ने व्यक्ति र उपभोक्ता समितिबाट अनुसूची - १० बमोजिम दण्ड जरिवाना लगाईने र असुल उपर गरिनेछ ।

१२. **खानी तथा खनिज शुल्क:** नलगाड नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका खानीहरुको उत्खनन तथा निकासीका लागि सिफारिस र दर्ता एवं निकासी परिमाणमा अनुसूची - ११ मा उल्लेखित दरमा खानी तथा खनिज शुल्क लगाइने र असुल उपर गरिनेछ । तर संघ तथा प्रदेश कानूनसँग बाझिने गरी कुनै किसिमको कर लगाइने र असुल गरिनेछैन ।

१३. **सामुदायिक वनबाट आय प्राप्त गर्ने** : सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गराई अनुसूची - १२ मा उल्लेखित दरमा सामुदायिक वन उपभोक्ता समितिबाट वनपैदावारको बिक्रि बापत प्राप्त हुने रकम असुल उपर गरिनेछ ।

१४. **पार्किङ शुल्क :** नगरपालिका क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत अनुसूची –१३ मा उल्लेखित शुल्क लगाईने तथा असुल उपर गरिने छ ।

१५. **दण्ड जरिवाना :** यस ऐनको विभिन्न अनुसूचीमा तोकिएको दरमा तोकिएको समयावधीमा कर, सेवा शुल्क, दस्तुर नतिर्ने करदाता (व्यक्ति, व्यवसायी, कम्पनी, संघ संस्था आदि) लाई प्रति वर्ष दश प्रतिशतको दरले दण्ड जरिवाना थप गरी असुल उपर गरिनेछ ।

१६. **कर, शुल्क वा दस्तुर लगाउन नपाउने :** नगरपालिकाले प्रचलित कानुन बमोजिम कूटनीतिक नियोग वा कूटनीतिज्ञलाई कर नलाग्ने विषयमा कर लगाउन सक्ने छैन ।

१७. **कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१८. **नियम, कार्यविधी र मापदण्ड बनाउन सक्ने** : यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधी र मापदण्ड बनाउन सक्नेछ ।

१९. **यसै बमोजिम भएको मानिने** : यो ऐन जारी हुनुभन्दा अघि भएका कर, सेवा शुल्क, दस्तुर तथा अन्य व्यवस्थाहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

अनुसूची – १
(दफा २ सँग सम्बन्धित)

| क.स. | रु. देखि | रु. सम्म | करको दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | १ | १,००,००० | १०० | |
| २ | १,००,००१ | ५,००,००० | २५० | |
| ३ | ५,००,००१ | १०,००,००० | ५०० | |
| ४ | १०,००,००१ | २०,००,००० | ७५० | |
| ५ | २०,००,००१ | ५०,००,००० | १,००० | |
| ६ | ५०,००,००१ | १,००,००,००० | २,००० | |
| ७ | १,००,००,००१ | २,००,००,००० | ५,००० | |
| ८ | २,००,००,००१ | ५,००,००,००० | १०,००० | |
| ९ | ५,००,००,००१ | माथि | रु. १ प्रति हजार | |

## अनुसूची – २

(दफा ३ सँग सम्बन्धित)

| क.स. | जग्गाको विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | राजमार्ग आसपास ५० मिटर भित्र | प्रति रोपनी रु ८० | |
| २ | कालीमाटी, दल्ली र छेप्का बजार क्षेत्र | प्रति आना रु १० | |
| ३ | कालीमाटी, दल्ली र छेप्का बजार ५० मिटर बाहिर | प्रति रोपनी रु ५० | |
| ४ | सडक पहुँच भएको ५० मिटर क्षेत्र भित्र | प्रति रोपनी रु ४० | |
| | नगरक्षेत्रको अन्य जग्गामा | | |
| क. स. | जग्गाको विवरण | करको दर रु. | कैफियत |
| १ | अब्बल | प्रति रोपनी रु ३० | |
| २ | दोयम | प्रति रोपनी रु २० | |
| ३ | सिम | प्रति रोपनी रु १५ | |
| ४ | चाहार | प्रति रोपनी रु १० | |

## अनुसूची – ३

(दफा ४ सँग सम्बन्धित)

| क. स. | विवरण | कायम करको दर | कैफियत |
|---|---|---|---|
| १ | सम्झौता तथा भुक्तानी रकमको | १० प्रतिशत | |

## अनुसूची - ४

(दफा ५ सँग सम्बन्धित)

| क. सं. | विवर | करको दर | कैफियत |
|---|---|---|---|
| १ | सुनचाँदीको गरगहना खुद्रा व्यापारमा प्रतिवर्ष | २,००० | वार्षिक रु १०,००,००० सम्मको कारोबार |
| २ | सुनचाँदीको गरगहना खुद्रा व्यापारमा प्रतिवर्ष | २,५०० | वार्षिक रु ३०,००,००० सम्मको कारोबार |
| ३ | सुनचाँदीको गरगहना खुद्रा व्यापारमा प्रतिवर्ष | ५,५०० | वार्षिक रु ३०,००,००० माथिको कारोबार |
| ४ | सुनचाँदीको गरगहना थोक व्यापारमा प्रतिवर्ष | १०,००० | |
| ५ | मदिराको खुद्रा व्यापारमा प्रतिवर्ष | २,५०० | |
| ६ | मदिराको थोक व्यापारमा प्रतिवर्ष | ५,००० | |
| ७ | ईलेक्ट्रोनिक, इलेक्ट्रिक खुद्रा व्यापारमा प्रतिवर्ष | २,५०० | |
| ८ | ईलेक्ट्रोनिक, इलेक्ट्रिक थोक व्यापारमा प्रतिवर्ष | ३,५०० | |
| ९ | खाद्यान्न तथा किराना सामानको खुद्रा प्रतिवर्ष | १,००० | घुम्ती र गाँउ क्षेत्रका साना घुम्ती पसल |
| १० | खाद्यान्न तथा किराना सामानको खुद्रा प्रतिवर्ष | २,००० | वार्षिक रु १०,००,००० सम्मको कारोबार |
| ११ | खाद्यान्न तथा किराना सामानको खुद्रा प्रतिवर्ष | ३,००० | वार्षिक रु १०,००,००० माथिको कारोबार |
| १२ | खाद्यान्न तथा किराना सामानको थोक प्रतिवर्ष | ५,००० | |
| १३ | कपडा तथा फेन्सी सामानको खुद्रा प्रतिवर्ष | ३,००० | |
| १४ | कपडा तथा फेन्सी सामानको थोक प्रतिवर्ष | ५,००० | |
| १५ | कपडा तथा सिलाइ कटाइ खुद्रा प्रतिवर्ष | २,५०० | |
| १६ | सिलाइ कटाई खुद्रा प्रतिवर्ष | २,००० | |
| १७ | औषधी पसल खुद्रा प्रतिवर्ष | १,५०० | |
| १८ | औषधी पसल थोक प्रतिवर्ष | ३,००० | |
| १९ | सुर्तीजन्य पदार्थको थोक प्रतिवर्ष | ३,००० | |
| २० | सुर्तीजन्य पदार्थको खुद्रा प्रतिवर्ष | १,५०० | |
| २१ | स्टेशनरी सामानको खुद्रा प्रतिवर्ष | १,५०० | |
| २२ | स्टेशनरी सामानको थोक प्रतिवर्ष | ५,००० | |
| २३ | भाँडा पसल खुद्रा प्रतिवर्ष | २,५०० | |
| २४ | हार्डवियर पसल खुद्रा प्रतिवर्ष | ५,००० | |
| २५ | होटल व्यवसाय प्रतिवर्ष | १,५०० | खाजा तथा नास्ताको व्यवसाय |
| २६ | होटल व्यवसाय प्रतिवर्ष | २,५०० | खाजा, नास्ता र खाना व्यवसाय |
| २७ | होटल व्यवसाय प्रतिवर्ष | ३,००० | खाजा, खाना र बास |
| २८ | सैलुन व्यवसाय प्रतिवर्ष | २,००० | |
| २९ | निर्माण व्यवसाय/उद्योग प्रतिवर्ष | ३,००० | |
| ३० | उत्पादनमुलक उद्योग व्यवसाय प्रतिवर्ष | ३,००० | |
| ३१ | उर्जामुलक उद्योग प्रतिवर्ष | ३,००० | |

| | | | |
|---|---|---|---|
| ३२ | पोल्टी फर्म व्यवसाय/उद्योग प्रतिवर्ष | १,००० | कारोबार अनुसार अधिकतम ३००० |
| ३३ | शिक्षा क्षेत्रका निजि विद्यालय प्रतिवर्ष | ६,००० | |
| ३४ | ग्यारेज प्रतिवर्ष | ५,००० | |
| ३५ | सहकारी संस्था प्रतिवर्ष | १,५०० | वार्षिक रु १०००००० सम्मको कारोबार |
| ३६ | सहकारी संस्था प्रतिवर्ष | २,००० | वार्षिक रु ३०००००० सम्मको कारोबार |
| ३७ | सहकारी संस्था प्रतिवर्ष | ५,००० | वार्षिक रु ३०००००० माथिको कारोबार |
| ३८ | बित्तिय संस्था प्रतिवर्ष | ५,००० | वार्षिक रु ५०००००० सम्मको कारोबार |
| ३९ | बित्तिय संस्था प्रतिवर्ष | १,०००० | वार्षिक रु १०००००० माथिको कारोबार |
| ४० | बित्तिय संस्था प्रतिवर्ष | २५,००० | वार्षिक रु १०००००० माथिको कारोबार |
| ४१ | छापाखाना व्यवसाय प्रतिवर्ष | ३,००० | |
| ४२ | नाफामुलक संस्थाहरु प्रतिवर्ष (Institute) | ३,००० | व्यवसाय अनुसार अधिकतम ५००० |
| ४३ | मनि ट्रान्सफर प्रतिवर्ष | २,००० | |
| ४४ | घट्ट दर्ता शुल्क रु | २००० | |
| ४५ | माथिका वर्गीकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोबार र स्तर हेरी वार्षिक | २,००० | |

नोटः दुई वा दुइभन्दा बढी फरक फरक प्रकृतिका व्यवसाय गर्ने व्यवसायीलाइ अनुसूची -४ मा उल्लेखित करको दर अनुसार फरक कारोबारको फरक फरक कर असुल गरिनेछ ।

अनुसूची – ५

(दफा ६ सँग सम्बन्धित)

| क. स. | विवरण | कायम करका दर रु. | कैफियत |
|---|---|---|---|
| १ | चुके लट्टी प्रति क्विन्टल | १,१०० | |
| २ | टिमुर प्रति क्विन्टल | २,००० | |
| ३ | गुच्ची च्याउ प्रति किलो | १,००० | |
| ४ | पुन्य च्याउ प्रति किलो | २०० | |
| ५ | खिराइलो प्रति किलो | १५ | |
| ६ | भिरमौरी मह प्रति किलो | ४० | |
| ७ | खोटो जम्मा मूल्यको | १० प्रतिशत | |
| ८ | निषेधित बाहेकका वनजन्य, पशुजन्य र कवाडीजन्य वस्तुहरु | मूल्यको १० प्रतिशत | |

अनुसूची – ६

(दफा ७ सँग सम्बन्धित)

| क. स. | विवरण | सवारी करका दर रु. | कैफियत |
|---|---|---|---|
| १ | रिक्सा, अटो रिक्सा तथा ई - रिक्साको दर्ता शुल्क | ५,००० | |
| २ | रिक्सा, अटो रिक्सा तथा ई - रिक्साको नवीकरण शुल्क | २,००० | |
| ३ | रिक्सा, अटो रिक्सा तथा ई - रिक्साको बाटो इजाजतपत्र दस्तुर | ५०० | |
| ४ | रिक्सा, अटो रिक्सा तथा ई - रिक्साको अन्य सेवा शुल्क, तथा कर सम्बन्धी व्यवस्थाहरु | सवारी साधन सञ्चालन मापदण्ड बमोजिम | |

## अनुसूची – ७

(दफा ८ सँग सम्बन्धित)

| क्र. स. | विवरण | कायम दर रु. | कैफियत |
|---|---|---|---|
| १ | **आफ्नो क्षेत्रमा प्रचार आदिका लागि राख्न दिने साइनबोर्डमा कर लाग्नेछ** | | |
| १.१ | डिजिटल डिस्प्लेहरु प्रति वर्गफुट | ५०० | |
| १.२ | पर्खाल, वार, भित्ता आदिमा आफ्नो संस्थाको रंग पोत्ने प्रतिवर्ग फुट | ५०० | |
| १.३ | सार्वजनिक स्थान प्रतिक्षालयमा राख्ने विज्ञापन सामग्रीमा प्रति वर्गफुट | ३०० | |
| १.४ | उपरोक्त बाहेकका अन्यका हकमा प्रति वर्गफुट | ५०० | |
| १.५ | पोल ब्यानर, प्रति हप्ता प्रति ब्यानर | ५०० | |
| १.६ | खेलकुद मैदानमा गरिने विज्ञापन प्रतिदिन | २०० | |
| १.७ | ठेलागाडा, रिक्सामा गरिने प्रचार प्रतिदिन | ४० | |
| २ | **सवारी साधनमा गरिने विज्ञापन** | | |
| २.१ | सवारी साधनको छतमा गरिएको विज्ञापन प्रति वर्गफुट | ५० | |
| २.२ | सवारी साधनको ढोका वा अन्य भागको विज्ञापन प्रति वर्गफुट | ४० | |
| २.३ | सवारी साधनको पछाडी पट्टीको सिसामा विज्ञापन प्रति वर्गफुट | ६० | |
| २.४ | सवारी साधनमा विज्ञापन प्रयोजनका लागि माईकिङ प्रतिदिन | ५०० | |
| २.५ | अन्य सवारी साधनमा राखिने कुनै प्रकारको विज्ञापन प्रति फुट | ५० | |
| ३ | **अनलाईन विज्ञापन प्रतिघन्टा** | २०० | |
| ४ | **एफ एम विज्ञापन प्राइम टाइम ( बिहान ६बजे देखी बिहान ९ बजे सम्म र साँझ ६ बजे देखी बेलुका ९ बजे सम्म ) प्रति मिनेट** | २०० | |
| ५ | **सामान्य समय ( नर्मल समय ) प्रति मिनेट** | १०० | |

## अनुसूची – ८
(दफा ९ सँग सम्बन्धित)

| क.स. | विवरण | कायम दर रु. | कैफियत |
|---|---|---|---|
| १ | मेलामा पसल थापे वापत | २,००० | |
| २ | नगरक्षेत्रमा पसल राखे वापत प्रति कोठा प्रति महिना | २,००० | |
| ३ | नगरक्षेत्रमा घुम्ती राखे वापत प्रति महिना | १,००० | |

## अनुसूची – ९

(दफा १० सँग सम्बन्धित)

| क्र.स. | विवरण | सेवा शुल्क, दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १ | **विभिन्न प्रकारका सिफारिस दस्तुर** | **सिफारिस दस्तुर रु.** | |
| १.१ | घरजग्गा नामसारी सिफारिस | ३०० | |
| १.२ | मोही लगत कट्टा सिफारिस | ५०० | |
| १.३ | घर कायम सिफारिस | ७५० | |
| १.४ | छात्रवृत्ति सिफारिस | २०० | |
| १.५ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | १०० | |
| १.६ | अपांग सिफारिस | १०० | |
| १.७ | अस्थायी बसोबास सिफारिस | १,००० | |
| १.८ | स्थायी बसोबास सिफारिस | १,००० | |
| १.९ | नागरिकता सिफारिस | १०० | |
| १.१० | अंगिकृत नागरिकता सिफारिस | ५,००० | |
| १.११ | आर्थिक अवस्था बलियो सिफारिस | ३,००० | |
| १.१२ | विद्युत जडान सिफारिस नक्सा पास भएका | ३०० | |
| १.१३ | विद्युत जडान सिफारिस नक्सा पास नभएका | ५०० | |
| १.१४ | धारा जडान सिफारिस नक्सा पास भएका | ३०० | |
| १.१५ | धारा जडान सिफारिस नक्सा पास नभएका | ५०० | |
| १.१६ | जीवीत रहेको सिफारिस | ५०० | |
| १.१७ | जन्म मिति संसोधन सिफारिस | ५०० | |
| १.१८ | जग्गा मूल्यांकन सिफारिस | १,००० | |
| १.१९ | व्यवसाय बन्द सिफारिस | १,००० | |
| १.२० | व्यवसाय नभएको सिफारिस | १,००० | |
| १.२१ | व्यवसाय सञ्चालन नभएको सिफारिस | १,००० | |
| १.२२ | व्यवसाय दर्ता सिफारिस | १,००० | |
| १.२३ | अदालत शुल्क मिनाहा सिफारिस | १०० | |
| १.२४ | उद्योग व्यापार ठाँउसारी सिफारिस | १,००० | |

| | | | |
|---|---|---|---|
| १.२५ | आन्तरिक बसाईसराई सिफारिस | १,००० | |
| १.२६ | विद्यालय कक्षा वृद्धि सिफारिस | ३,००० | |
| १.२७ | विद्यालय कक्षा वृद्धि सिफारिस संस्थागत | ६,००० | |
| १.२८ | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस | ५,००० | |
| १.२९ | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस संस्थागत | १०,००० | |
| १.३० | व्यक्तिगत विवरण सिफारिस | ५०० | |
| १.३१ | जग्गा दर्ता सिफारिस | १,००० | |
| १.३२ | संरक्षक सिफारिस व्यक्तिगत | ५०० | |
| १.३३ | संरक्षक सिफारिस संस्थागत | १,००० | |
| १.३४ | नाता प्रमाणित सिफारिस नेपालीमा | २०० | |
| १.३५ | नाता प्रमाणित सिफारिस अंग्रेजीमा | ५०० | |
| १.३६ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | १०० | |
| १.३७ | घरबाटो प्रमाणित सिफारिस सडक देखि ५० मिटर भित्र | १,००० | |
| १.३८ | घरबाटो प्रमाणित सिफारिस सडक देखि ५० मिटर बाहिर | ५०० | |
| १.३९ | चारकिल्ला प्रमाणित सिफारिस | ५०० | |
| १.४० | जन्ममिति प्रमाणित | १०० | |
| १.४१ | विवाह प्रमाणित | ३०० | |
| १.४२ | घर पाताल प्रमाणित | ३०० | |
| १.४३ | फरक फरक नामथर सिफारिस प्रमाणित | १०० | |
| १.४४ | फरक फरक जन्ममिति सिफारिस प्रमाणित | १०० | |
| १.४५ | मझुरीनामा प्रमाणित | १,००० | |
| १.४६ | विद्यालय ठाँउसारी सिफारिस | ५,००० | |
| १.४७ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | ५०० | |
| १.४८ | मृतकसँग नाता प्रमाणित | १०० | |
| १.४९ | कोठा खोल्न रोहबरमा बस्ने कार्य | १,००० | |
| १.५० | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने | १०० | |
| १.५१ | नाबालक परिचयपत्र सिफारिस | १०० | |
| १.५२ | संरक्षक प्रमाणित | १०० | |
| १.५३ | हकदार प्रमाणित | १,५०० | |
| १.५४ | अविवाहित प्रमाणित | ५०० | |



सभाध्यक्ष

| | | | |
|---|---|---|---|
| १.५५ | जग्गाको रेखांकन दस्तुर प्रति कित्ता | १,५०० | |
| १.५६ | जग्गा धनी पुर्जा हराएको सिफारिस | १०० | |
| १.५७ | पुर्जामा घर कायम गर्न सिफारिस | ५०० | |
| १.५८ | अंग्रेजी सिफारिस तथा प्रमाणित | ५०० | |
| १.५९ | मिलापत्र कागज गराउने | १,००० | |
| १.६० | नाता प्रमाणित दस्तुर | १०० | |
| १.६१ | जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईसराई दर्ता ३५ दिनभित्र निशुल्क त्यसपछि जतिसुकै दिन भएपनि | २०० | |
| १.६२ | आर्थिक अवस्था कमजोर सिफारिस | १०० | |
| १.६३ | चौपाया सम्बन्धी सिफारिस दस्तुर | १००० | |
| १.६४ | नागरिकता प्रतिलिपी सिफारिस दस्तुर | ५०० | |
| १.६५ | जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईसराई प्रमाणपत्रको नक्कल/प्रतिलिपी दस्तुर | ५०० | |
| १.६६ | जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईसराईको नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | २०० | |
| १.६७ | अन्य आवश्यकता अनुसारका सिफारिस दस्तुर | २०० | |
| २ | **नयाँ घर नक्सा पास दस्तुर** | **कायम दर रु** | |
| २.१ | पहिलो तल्ला | ५ प्रति वर्ग फिट | |
| २.२ | दोश्रो तल्ला | ४ प्रति वर्ग फिट | |
| २.३ | तेश्रो तल्ला | ३ प्रति वर्ग फिट | |
| ३ | **पक्की घर अभिलेखिकरण दस्तुर (ढलान, आर.सि.सी.)** | **कायम दर रु** | |
| ३.१ | पहिलो तल्ला | २ प्रति वर्ग फिट | |
| ३.२ | दोश्रो तल्ला | १ प्रति वर्ग फिट | |
| ३.३ | तेश्रो तल्ला | ०.५ प्रति वर्ग फिट | |
| ४ | **कच्ची घर अभिलेखिकरण दस्तुर (टिनको छाना, फुसको घर र टहरा)** | **कायम दर रु** | |
| ४.१ | पहिलो तल्ला | १ प्रति वर्ग फिट | |
| ४.२ | दोश्रो तल्ला | ०.५ प्रति वर्ग फिट | |
| ४.३ | तेश्रो तल्ला | ०.२५ प्रति वर्ग फिट | |
| ५ | **समुह दर्ता शुल्क** | **दर्ता शुल्क रु** | |
| ५.१ | समुह दर्ता शुल्क | ५०० | |

| | | | |
|---|---|---|---|
| ५.२ | समुह नवीकरण शुल्क | १०० | |
| ५.३ | समुह प्रतिलिपी शुल्क | २०० | |
| ६ | **संस्था दर्ता शुल्क** | **दर्ता शुल्क रु** | |
| ६.१ | संस्था दर्ता नाफामुखी | ५,००० | |
| ६.२ | संस्था दर्ता गैर नाफामुखी | १,००० | |
| ६.३ | संस्था सूचीकरण शुल्क | ५०० | |
| ६.४ | संस्था दर्ता प्रतिलिपी शुल्क | ५०० | |
| ७ | **सर्जमिन मुचुल्का दस्तुर** | **रकम रु** | |
| ७.१ | वंशजको नागरिकतामा गरिने सर्जमिन | ५०० | |
| ७.२ | नाता प्रमाणित सर्जमिन मुचुल्का | ५०० | |
| ७.३ | उद्योग स्थापनाको लागि सर्जमिन | २,००० | |
| ७.४ | अन्य प्रयोजनको लागि सर्जमिन | ७०० | |
| ८ | **आयश्रोत र घरजग्गा मूल्यांकन प्रमाणित सिफारिस** | **दस्तुर रु** | |
| ८.१ | आयश्रोत प्रमाणित सिफारिस (१ लाखसम्म) | १,००० | |
| ८.२ | आयश्रोत प्रमाणित सिफारिस (१० लाखसम्म) | २,००० | |
| ८.३ | आयश्रोत प्रमाणित सिफारिस (२५ लाखसम्म) | ३,००० | |
| ८.४ | आयश्रोत प्रमाणित सिफारिस (५० लाखसम्म) | ४,००० | |
| ८.५ | आयश्रोत प्रमाणित सिफारिस (१ करोडसम्म) | ५,००० | |
| ८.६ | आयश्रोत प्रमाणित सिफारिस (१ करोड भन्दा माथि) | ८,००० | |
| ९ | **स्थानीय पूर्वाधार सम्झौता दस्तुर** | **दस्तुर रु** | |
| ९.१ | १ लाखसम्म | ५०० | |
| ९.२ | १ लाख १ रुपैयाँ देखि ३ लाखसम्म | १,००० | |
| ९.३ | ३ लाख १ रुपैयाँ देखि ५ लाखसम्म | १,२०० | |
| ९.४ | ५ लाख १ रुपैयाँ देखि १० लाखसम्म | १,५०० | |
| ९.५ | १० लाख १ रुपैयाँ देखि २० लाखसम्म | २,००० | |
| ९.६ | २० लाख १ रुपैयाँ देखि ५० लाखसम्म | ३,००० | |
| ९.७ | ५० लाख १ रुपैयाँ देखि १ करोडसम्म | ५,००० | |
| ९.८ | १ करोड १ रुपैयाँ देखि माथि | १०,००० | |



( सभाध्यक्ष )

## अनुसूची – १०

(दफा ११ सँग सम्बन्धित)

| क.स. | स्थानीय पूर्वाधारको दण्ड जरिवाना शुल्क (लागत अनुमान अनुसार योजनाको समयावधी थप बापत) | कायम दर रु. | कैफियत |
|---|---|---|---|
| १ | १ लाख सम्म | ५०० | |
| २ | १ लाख १ रुपैयाँ देखि ५ लाखसम्म | १,००० | |
| ३ | ५ लाख १ रुपैयाँ देखि १० लाखसम्म | २,००० | |
| ४ | १० लाख १ रुपैयाँ देखि २० लाखसम्म | ३,००० | |
| ५ | २० लाख १ रुपैयाँ देखि ५० लाखसम्म | ५,००० | |
| ६ | ५० लाख १ रुपैयाँ देखि माथि जतिसुकै | १०,००० | |

अनुसूची – ११

(दफा १२ सँग सम्बन्धित)

| क.स. | विवरण | कायम दर रु. | कैफियत |
|---|---|---|---|
| १ | काइनाइट खानी खोज तलासको सिफारिस | १०,००० | |
| २ | काइनाइट खानी उत्खननको सिफारिस | २०,००० | |
| ३ | काइनाइट निकासी प्रति किलोग्राम | १,००० | |
| ४ | ढुङ्गा खानी उत्खनन स्वीकृति | १०,००० | |
| ५ | ढुङ्गा खानीबाट ढुङ्गा निकासी प्रति टिप्पर | ८०० | |
| ६ | ढुङ्गा खानीबाट ढुङ्गा निकासी प्रति टेक्टर | २५० | |
| ७ | गिट्टी, बालुवा खानी उत्खनन स्वीकृति | १०,००० | |
| ८ | गिट्टी, बालुवा खानीबाट निकासी प्रति टिप्पर | १,००० | |
| ९ | गिट्टी, बालुवा खानीबाट निकासी प्रति टेक्टर | ४०० | |
| १० | क्रसर उद्योग संचालन अनुमति | १०,००० | |
| ११ | क्रसर उद्योग कर प्रति एकाइ | ५,००० | |
| १२ | प्रति स्लेट ढुंगा निकासी | ५० पैसा | |